## काठमाडौ उपत्यकाको एकीकृत विकास सम्वन्धी

# गोदावरी घोषणा, २०७२

नेपालको संविधानमा समाविष्ट लोकतान्त्रिक स्थानीय स्वायत्त शासनका व्यवस्थाहरु नेपालको संवैधानिक इतिहासमै उल्लेख्य कोशेढुंगाका रुपमा रहेको तथ्यलाई आत्मसात् गर्दै,

जनताको स्वायत्त शासनको चाहना, निर्वाचनमार्फत जनप्रतिनिधिमुलक संस्थाको शीघ्रातिशीघ्र वहाली र वहुआयामिक तीव्रतर विकास पद्धति र प्रक्रियालाई मूर्तरुप दिन प्रतिबद्ध हुँदै,

स्थानीय तहका उत्तम अभ्यासहरुको आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र विकास, साझा यातायात र सञ्चार, विपद् व्यवस्थापन, फोहरमैला व्यवस्थापन, राजश्व परिचालनको प्रभावकारिता, संयुक्त लगानी र सेवा प्रवाह, पर्यटन विकास, स्थानीय न्याय र शान्तिसुरक्षाको प्रत्याभूति, दिगो ग्रामीण तथा शहरी सम्वन्ध र समन्वयसमेतका लागि नेपालको संघीय राजधानी काठमाडौं उपत्यकाको एकीकृत र समन्वयात्मक विकासको अपरिहार्यतामा पुनः जोड दिंदै,

काठमाडौ उपत्यकाको ऐतिहासिक, सांस्कृतिक पहिचानलाई कायम राख्दैं, उपत्यकालाई आधुनिक, प्रविधिमैत्री, लैङ्गिकमैत्री, सुरक्षित, शान्त, स्वच्छ, सफा र पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न काठमाडौ उपत्यकालाई 'स्वायत्त उपत्यका मेट्रो क्षेत्र' को रुपमा पूनःसंरचना गर्ने परिकल्पना गर्दै सो अनुरुपको राजनीतिक, कानुनी तथा व्यवस्थापकीय प्रवन्ध गर्नका लागि व्यवस्थापिका संसद, नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, उपत्यकाबाट निर्वाचित जनप्रतिनिधिहरु, स्थानीय सरकारका संघ महासंघहरु र सम्बद्ध अन्य निकाय तथा सरोकारवालाहरुलाई विशेष रुपमा पहल गर्न अनुरोध गर्दै निम्न घोषणा गर्दछौं,

१. स्थानीय तहको दिगो र एकीकृत विकासका लागि जनप्रतिनिधिमूलक स्थानीय शासनको महत्वलाई हृदयंगम गर्दै नेपालको संविधानको भावना र प्रावधान अनुसार अविलम्व स्थानीय तहको अन्तरिम निर्वाचन गर्न सम्वन्धित सरोकारवालाहरुको ध्यानाकर्षण गराउँदछौ ।

२. स्वायत्त उपत्यका मेट्रो क्षेत्रको अवधारणा कार्यान्वयन गरी काठमाडौ उपत्यकाको एकीकृत विकासको आवश्यकता पुरा गर्न यथाशक्य छिटो महानगरपालिका ऐन जारी गर्न आवश्यक देखिएकोले त्यसतर्फ सम्बद्ध सवैको ध्यानाकर्षण गर्दै सबै सरोकारवालाहरु समक्ष सकारात्मक पहलको अपेक्षा गर्दछौं ।

३. समान प्रकृतिका कतिपय कार्यहरुमा उपत्यकाभित्रका स्थानीय सरकारहरुले तत्काल एकीकृतरुपमा कार्य सञ्चालन तथा व्यवस्थापन गर्न नीतिगत निर्णय, कार्यप्रणाली, कार्यविधि र कार्यस्थलतहमा एकरुपता कायम गरी प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह गर्न प्रतिबद्ध रहनेछौ ।

४. उपत्यकाको वातावरण संरक्षणमा एकीकृत प्रयास गर्दै सार्वजनिक, निजी, साझेदारी अवधारणा अनुरुप दिगो शहरी विकासका एकीकृत कार्यक्रमहरु सञ्चालन गर्नेछौं ।

५. सुचना प्रविधिको प्रयोगलाई स्थानीय शासन प्रणालीको महत्वपूर्ण आधारको रुपमा विकास गर्दै छिटो, छरितो, प्रभावकारी र कम खर्चिलो सेवाग्राहीमैत्री सेवाप्रवाह प्रणाली सञ्चालन गर्न प्रतिवद्ध छौं ।

६. काठमाडौ उपत्यकाको एकीकृत विकास प्रक्रियाका लागि थप स्रोत व्यवस्थापन तथा परिचालन गर्न उपत्यका भित्रका स्थानीय सरकारहरुबीच सहकार्य गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

७. काठमाडौं उपत्यकाको योजनाबद्ध र एकीकृत विकासका लागि हालसम्म भएका अध्ययन, विश्लेषण, उपलव्धी समेतलाई ध्यान दिदै र उपत्यकाका तीनवटै जिल्ला विकास समिति र काठमाडौं महानगरपालिकाको समन्वयमा सम्वद्ध सवै स्थानीय सरकारहरुसमेतको क्रियाशील सहभागितामा एक संयुक्त समिति गठन गरी अघी बढ्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

८. नेपालको संविधानको व्यवस्था अनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र लागू हुने गरी महानगरीय स्थानीय अदालत स्थापना र सञ्चालनको लागि आवश्यक ऐन मसौदा लगायतका छलफल प्रक्रिया अगाडी बढाउन प्रतिबद्धता व्यक्त गर्दछौ ।

९. उपत्यकाभित्रका स्थानीय सरकारहरुबीचका साझा सवालहरु पहिचान गरी एकीकृत विकासमार्फत समुन्नत काठमाडौ उपत्यकाको निमित्त संयुक्त समितिमार्फत योजना निर्धारण गर्ने, श्रोत साधन व्यवस्थापन गरी कार्य सञ्चालन गर्नेछौं । यसरी एकीकृत योजना सञ्चालन गर्न सरकारी, गैरसरकारी तथा नीजि क्षेत्र समेतको अर्थपूर्ण सहभागितामा जोड दिनेछौं ।

१०. काठमाडौं उपत्यकाको एकीकृत विकासका लागि आवश्यक कानुनी तथा संस्थागत प्रबन्धको बारेमा ठोस् प्रस्ताव तयार गर्न विज्ञसमूहहरु बनाई विभिन्न चरणमा थप परामर्श तथा छलफलसमेत निरन्तर गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**२०७२ साल पौष २५ गते**